# कालिमाटी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

रामपुर सल्यान

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८०
चलानी नंः

मितिः २०८०।०३।१७

## सूचना। सूचना।। सूचना।।।

श्री कालिमाटी गाउपालिका भित्रका सम्वन्धित लाभग्राहिहरुमा ।

प्रस्तुत विषयका सम्वन्धमा कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय, विरेन्द्रनगर सुर्खेतको चं नः ७२८ मिति २०८०।०३।०५ को पत्रवाट सहिद स्मृती भत्ता तर्फ १८ जना र घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता तर्फ ९ जनाको लागी भत्ता वितरण गर्नको लागी जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद तथा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृती भत्ता वितरण गर्ने कार्य तथा घाईते तथा अपाङ्गता भएका व्यक्तिलाई जिवन निर्वाह भत्ता वितरण निर्देशिका , २०७९ को अधिनमा रही निर्देशिका र शर्त वमोजिम तोकिएका कागजात पुरा गरेका व्यक्तिलाई मात्र भत्ता वितरण गर्ने सम्वन्धमा परिपत्रभै आएकोले उक्त निर्देशिका तथा शर्तहरु यस पालिकाको Websit तथा पालिकाको Facebook पेज मा समेत राखिएको हुदा सो वमोजिम शर्तहरु तथा कागजातहरु पुरा भएका व्यक्तिलाई मात्र भत्ता वितरण गर्ने भएकोले सोहि शर्त अनुसार आफ्नो कागजात पुरा गरि मिति २०८०।०३।२२ गते कार्यालय समय सम्म रकम भुक्तानी लिनहुन जानकारि गराईन्छ । साथै उक्त मिति र समय मा सम्पुर्ण काजतात तथा शर्त पुरा नभएमा रकम भुक्तानी नहुने व्यहोरा जानकारी गराईन्छ ।

नोटः सम्पर्क व्यक्ति गोविन्द खड्का ९८४७९७९६४४

(कृष्ण प्रसाद पौड्याल)
प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण सम्बन्धी विषयवस्तु तथा शर्तहरु:-**

१. घाइते अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण गर्दा गृह मन्त्रालय वा सम्वन्धीत जिल्ला प्रशासन कार्यलयको कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको व्यक्तिलाई मात्र भत्ता रकम प्रदान हुनुपर्नेछ।

२. पालिकाहरुले मन्त्रालयवाट प्राप्त भत्ता रकम घाइते अपाङ्गता भएका व्यक्तिलाई स्वयम्को (क) वर्गको वैंक खातामा निर्देशिकाको दफा ७ बमोजिमको रकम जम्मा गरिदिनु पर्नेछ।

३. घाईते अपाङ्गता भएका व्यक्तिहरु कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्ला/पालिकामा स्थायी रुपमा वसाईसराई गएको भनी प्रमाणित भएमा त्यस्तो व्यक्तिलाई बसाईसराई गरी गएकै पालिकावाट भत्ता उपलब्ध गराउनु पर्नेछ।

४. घाइते अपाङ्गता भएको व्यक्तिलाई जिवन निर्वाह भत्ता रकम उपलब्ध गराउँदा गृह मन्त्रालय वा सम्वन्धीत जिल्ला प्रशासन कार्यालयको कार्यदलमा भएको नामावली र नागरिकताको प्रमाण पत्रमा भएको नामावली एउटै हुनु पर्नेछ। नामावली फरक परेको खण्डमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाट एउटै व्यक्ति हो भनी प्रमाणित भएको कागजत पेश गर्नुपर्नेछ।

५. घाईते अपाङ्गता भएका व्यक्तिहरु कर्णाली प्रदेशवाट अन्य प्रदेशमा स्थायी रुपमा वसाईसराई गरी गएको भनी प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

६. घाइते अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्रको हकमा नेपाल सरकार गृह मन्त्रालयले वर्गिकरण गरेको श्रेणी मध्येवाट श्रेणी खुलेको परिचयपत्र पेश गरेका व्यक्तिलाई मात्र भत्ता वितरण गर्नु पर्नेछ। पालीका तथा अन्य निकायवाट जारी भएको परिचयपत्र मान्य हुने छैन।

७. घाइते अपाङ्गता भएको व्यक्ति स्वयम्ले निवेदन नदिई वा अन्य व्यक्तिले निवेदन दिएको पाईएमा त्यस्तो व्यक्तिलाई जीवन निर्वाह भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

८. घाइते अपाङ्गता भएको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनी निकायमा हाल रोजगारीमा रहि तलव भत्ता वा सरकारी सेवा सुविधा खाइपाइ आएको भएमा त्यस्तो व्यक्तिलाई सेवा सुविधा प्राप्त गरेको अवधिभरको भत्ता रकम उपलब्ध गराउन पाउनेछैन।

९. मन्त्रालयवाट भत्ता वितरणका लागि उपलब्ध गराईएको रकम अपुग भएमा निर्देशिका तथा उल्लेखित शर्तहरु वमोजिम एकिन भएको विवरणका आधारमा स्थानीय तहले थप रकम माग गर्न सक्नेछ।

१०. घाइते अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण गर्दा आगामी आ.व. मा दायित्व नसर्ने गरी वा सृजना नहुने गरी कार्यसम्पन्न गर्नुपर्नेछ।

सचिव।

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

११. पालिकाहरुबाट वितरण भएको घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ताको प्रतिवेदन २०८० असार मसान्त भित्रमा निर्देशिकाको अनुसूचि-३ बमोजिमको ढाँचामा अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१२. भत्ता वापत उपलब्ध गराईएको रकम निर्देशिका विपरित अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन। भत्ता रकमको दुरुपयोग भएको पाईएमा दुरुपयोग गर्ने व्यक्तिबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

१३. पालिकाले वितरण गरेको भत्ताको खर्च/निकासाको लेखा प्रचलित कानून बमोजिम राखि सम्बन्धित पालिकाले नै आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्नुपर्नेछ र लेखापरीक्षण पश्चात सोको प्रतिवेदन यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१४. सम्बन्धित स्थानीय तहले खर्च गर्न नसकी बाँकी रहेको रकम मन्त्रालयमा अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ ।

१५. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराको हकमा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(ध्रुव घिमिरे)
सचिव

कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

**सहिद तथा वेपत्ता भएका परिवारलाई सहिद स्मृती भत्ता वितरण सम्बन्धी विषयवस्तु तथा शर्तहरुः-**

१. सहिद वा वेपत्ता भएका परिवारका हकवालालाई भत्ता वितरण गर्दा गृह मन्त्रालय वा सम्वन्धीत जिल्ला प्रशासन कार्यलयको कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको व्यक्तिलाई मात्र भत्ता रकम प्रदान हुनुपर्नेछ।

२. पालिकाहरुले मन्त्रालयबाट प्राप्त भत्ता रकम सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ को दफा २ को (झ) बमोजिमको नजिकको हकवालाको (क) वर्गको बैंक खातामा निर्देशिकाको दफा ७ वमोजिमको रकम जम्मा गरिदिनु पर्नेछ।

३. सहिद वा वेपत्ता परिवारका व्यक्तिहरु कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्ला/पालिकामा स्थायी रुपमा बसाईसराई गएको भनी प्रमाणित भएमा त्यस्ता परिवार र व्यक्तिलाई बसाईसराई गरी गएकै पालिकावाट भत्ता उपलब्ध गराउनु पर्नेछ।

४. सहिद परिवारको हकवालालाई सहिद स्मृती भत्ता रकम उपलब्ध गराउँदा गृह मन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा भएको नामावली र मृत्यू दर्ता प्रमाण पत्रमा भएको नामावली एउटै हुनु पर्नेछ। नामावली फरक परेको खण्डमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाट एउटै व्यक्ति हो भनी प्रमाणित भएको कागजत पेश गर्नुपर्नेछ।

५. सहिद वा वेपत्ताका परिवारका व्यक्तिहरु कर्णाली प्रदेशवाट अन्य प्रदेशमा स्थायी रुपमा वसाईसराई गरी गएको भनी प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

६. सहिद वा वेपत्ता परिवारको हकमा एउटै व्यक्तिको नाममा फरक-फरक व्यक्तिले निवेदन दिईएको पाइएमा निर्देशिका दफा २ को (झ) बमोजिम नजिकको शुरु हकवालालाई नाता खुल्ने कागज पेश गरेर मात्र भत्ता उपलब्ध गराउनु पर्नेछ।

७. सहिद वा वेपत्ता व्यक्तिका परिवारलाई भत्ता वितरण गर्दा आगामी आ.व. मा दायित्व नसर्ने गरी वा सृजना नहुने गरी कार्यसम्पन्न गर्नुपर्नेछ।

८. मन्त्रालयवाट भत्ता वितरणका लागि उपलब्ध गराईएको रकम अपुग भएमा निर्देशिका तथा उल्लेखित शर्तहरु बमोजिम एकिन भएको विवरणका आधारमा स्थानीय तहले थप रकम माग गर्न सक्नेछ।

९. पालिकाहरुवाट वितरण भएको सहिद स्मृति भत्ताको प्रतिवेदन २०८० असार मसान्त भित्रमा निर्देशिकाको अनुसूचि-३ बमोजिमको ढाँचामा अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्नुपर्नेछ।

सचिव

CamScanner

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१०. भत्ता वापत उपलब्ध गराईएको रकम निर्देशिका विपरित अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन। भत्ता रकमको दुरुपयोग भएको पाईएमा दुरुपयोग गर्ने व्यक्तिबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

११. पालिकाले वितरण गरेको भत्ताको खर्च/निकासाको लेखा प्रचलित कानून बमोजिम राखि सम्बन्धित पालिकाले नै आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्नुपर्नेछ र लेखापरीक्षण पश्चात सोको प्रतिवेदन यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१२. सम्बन्धित स्थानीय तहले खर्च गर्न नसकी बाँकी रहेको रकम मन्त्रालयमा अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ ।

१३. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराको हकमा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(ध्रुव घिमिरे)
सचिव

CamScanner